शैलुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
काटाकुटी, दोलखा

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम प्रकाशित मिति :२०७५/ ०१ / १०**

यस कार्यालयको लागि आवश्यक तपशिल बमोजिमका सामानहरू शिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने भएकोले देहायका शर्तहरूको अधिनमा रही रीतपूर्वक सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | सिलबन्दी दरभाउपत्र विषय | आवश्यक संख्या | इकाई | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउपत्र खोल्ने मिति,समय र स्थान | सिलबन्दी दरभाउपत्र वापत राख्नुपर्ने विडवण्ड लागत अनुमानको ३ प्रतिशत रकम रू. | सिलबन्दी दर भाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|
| **एच.डि.पि.ई. खानेपानी पाइप आपूर्ती तथा ढुवानी गर्ने काम** | | | | | | | | | |
| १ | ५/०७४/०७५ | ३२ मि.मि डाय १० के.जी प्रेसर | ४८०० | रनिङ मिटर | यो सूचना प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र | यो सूचना प्रकाशन भएको मितिले १६ औ दिनको १२ बजेभित्र | यो सूचना प्रकाशन भएको मितिले १६ औ दिनको १:०० बजे यस गाउँपालिका को कार्यालय | ५९,७१० | रू.१०००।- मात्र |
| | | २५ मि.मि डाय १० के. जी प्रेसर | ८००० | | | | | | |
| | | २० मि.मि डाय १० के.जी प्रेसर | २६००० | | | | | | |
| **आर .सि.सि ह्युम पाइप (Np- 3 Pipe socket and spigot system) आपूर्ती तथा ढुवानी गर्ने काम** | | | | | | | | | |
| २ | ६/०७४/०७५ | ४०० मि.मि डाय | ६५ | रनिङ मिटर | यो सूचना प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र | यो सूचना प्रकाशन भएको मितिले १६ औ दिनको १२ बजेभित्र | यो सूचना प्रकाशन भएको मितिले १६ औ दिनको २:०० बजे यस गाउँपालिको कार्यालय | ५९,८०८ | रू.१०००।- मात्र |
| | | ५०० मि.मि डाय | १०० | | | | | | |
| | | ६०० मि.मि डाय | ७५ | | | | | | |
| **साना सिंचाइ आयोजनाको लागि एच.डि.पि. ई. पाइप आपूर्ती तथा ढुवानी गर्ने काम** | | | | | | | | | |
| ३ | ७/०७४/०७५ | ६३ मिमि डाय ६ के.जी प्रेसर | ६४०० | रनिङ मिटर | यो सूचना प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र | यो सूचना प्रकाशन भएको मितिले १६ औ दिनको १२ बजेभित्र | यो सूचना प्रकाशन भएको मितिले १६ औ दिनको ३:०० बजे यस गाउँपालिको कार्यालय | ५९,७८८ | रू.१०००।- मात्र |
| | | ११० मि.मि डाय ६ के.जी प्रेसर | ५०० | | | | | | |

१) दरभाउ पत्र फारम र सो संग सम्बन्धित **Specification** यो , सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म इच्छुक फर्म/कम्पनीले इजाजत प्राप्त प्रमाणपत्र, **PAN / VAT** दर्ता प्रमाणपत्र र आ.व. २०७३/०७४ सम्मको कर चुक्ताको प्रमाणपत्र, आ.व. २०७४/०७५ को लागि प्रमाणपत्र नविकरण को प्रमाणित प्रतिलिपि पेश गरी कार्यालय समयमा यस कार्यालयको राजस्व शाखामा नगद रू. १,०००।- (फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।

२) दरभाउपत्र फारम माथि उल्लेखित मिति र समयमा उपस्थित दरभाउपत्र दाताहरू वा अधिकार प्राप्त प्रतिनिधिहरूको रोहवरमा (दरभाउपत्र दाता र प्रतिनिधि उपस्थित नभए पनि) यस गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।

३) सिलबन्दी दरभाउ पत्र पेश गर्दा माथि उल्लेखित रकम बराबरको कम्तीमा ७५ दिन म्याद भएको दरभाउपत्र जमानत **(विडवण्ड)** संलग्न गर्नुपर्नेछ ।

४) सिलवन्दी दरभाउपत्र स्वीकृत भएमा कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी वापतको रकमको यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १ वर्ष म्याद भएको कार्य सम्पादन जमानत **(परफरमेन्स वण्ड)** पेश गर्नुपर्नेछ ।

५) सिदबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

६) सिलबन्दी दरभाउपत्रमा दररेट अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

७) रीत नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

८) प्रचलित ऐन, नियमानुसार लाग्ने सम्पूर्ण कर दरभाउपत्रदाताले नै व्यहोर्नुपर्नेछ ।

९) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आशिक रूपमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित हुनेछ ।

१०) यस सूचनामा उल्लेख भएको कुराहरू यसै सूचना बमोजिम र उल्लेख नभएको कुराहरू दरभाउपत्र फाराम साथ उपलब्ध हुने सूचना तथा शर्तहरू एवं प्रचालित ऐन,नियमानुसार हुनेछ ।

११ ) नगद जमान राख्ने दरभाउपत्रले यस गाउँपालिकाको नेपाल बैंक लि. चरिकोटमा रहेको धरौटी खाता नं. १३००३०००००००००३००००१७ मा नगद जम्मा गर्नु पर्नेछ ।

(कार्यालय कोड नं. २२-३६५-१८)

प्रमुख प्रशासकीय अधिकृत

१२) विस्तृत जानकारीको लागि यस कार्यालयको खरिद ईकाइमा सम्पर्क राख्न सकिनेछ ।